# आधारभूत स्वास्थ्य नीति तथा महिला किशोरी सशक्तिकरण
## नीति तथा गुरु योजना

रामनगर गाउँपालिका , सर्लाही

२०८२

# विषय तालिका

१. भुमिका

२. अवधि

३. नीति र गुरुयोजनाको ढाँचा

४. प्रक्रिया

५. सोंच

६. लक्ष्य

७ उद्देश्य

८. मुख्य नीति तथा मान्यताहरु

९. आधारभूत स्वास्थ्य समस्या र ठोस निर्णयहरु

१०. प्रयोगशालाको स्थापना

११.प्राथमिक स्वास्थ्य केन्द्र/आधारभूत अस्पताल

१२.महिला/किशोरीका स्वास्थ्य समस्या तथा कारण र ठोस योजना

१३. बाल विवाह सम्बन्धि सरोकारवालको भुमिका

१४. दहेज प्रथा सम्बन्धि सरोकारवालको भुमिका

१५. आङ खस्ने समस्या / बच्चादानी खस्ने सम्बन्धि सरोकारवालको भुमिका

१६. गर्भवती सुत्केरी महिला मैत्री सम्बन्धि सरोकारवालको भुमिका

१७. किशोरी मैत्री समाज संरचना र सशक्तिकरण सम्बन्धि सरोकारवालको भुमिका

१८. महिला हिंसा सम्बन्धि सरोकारवालको भुमिका

१९. पोषण सम्बन्धि सरोकारवालको भुमिका

२० स्वास्थ्यको कर्मचारीहरुको स्तरवृदि,सरुवा,काज र कर्मचारी व्यवस्थापन सम्बन्धमा

२१.महिला स्वास्थ्य स्वय सेविकाको आधुनिकीकरण

८. मुख्य नीति तथा मान्यताहरु

यस नीति तथा गुरु योजनाले मुख्य रुपमा नीतिहरु तल प्रस्तुत गरेको छ । जसलाई कानुनी ढाँचामा भन्दा बुँदामा प्रस्तुत गरिएको छ । गाउँपालिकालाई बुझ्न, विश्लेषण गर्न र योजना कार्यान्वयन गर्न सजिलो होस भन्ने अभिप्रायले परम्परागत ढाँचालाई निरन्तरता दिइएको छैन । मौलिक प्रकारले नीतिहरु प्रस्तुत गरिएको छ ।नीति र मान्यलाई एउटै खण्डमा प्रस्तुत गरिएको छ ।

१) १५ शैया पूवांधार सम्पन्न अस्पताल खोलिने छ ।

२) मापदण्ड नपुगेका तर समाजमा डाक्टरले परिचित कथित डाक्टरहरुलाई नियमन गरिने छ ।

३) स्वास्थ्य संस्थाहरुको पूर्वाधारे व्यवस्थित गरिनेछ ।

४) स्वास्थ्य संस्थामा मानव स्रोतको उपयुक्त व्यवस्थापन गरिनेछ ।

५) स्थानीय स्वास्थ्य समितीलाई सक्रिय बनाइ स्वास्थ्य कर्मीहरु कार्यालय समयमा पुरै समय बसि सेवा दिने वातावरण तयार पारिनेछ ।

६) औषधि पसल खोल्नका लागि योग्यता वा मापदण्ड नपुगेकाको रद्द गरिनेछ र भविष्यमा मापदण्ड पुगेकालाई मात्र खोल्न दिइनेछ ।

७) यस गाउँपालिकाभित्र नेपाल सरकारले मापदण्ड तोके बमोजिमको प्रयोगशालाको बन्दोवस्त गरिनेछ ।

८) प्रयोगशालामा मानव स्रोतको उचित व्यवस्थापन गरिनेछ ।

९) महिलाको कार्यबोज घटाउन र महिलाप्रति हेर्ने दृष्टिकोण परिवर्तन गर्नका लागि गाउँपालिकाले सरोकारवाहरुसँग मिलेर अभियान सञ्चान गर्नेछ ।

१०) यस गाउँपालिकाभित्र एक वर्षभित्र सबै गर्भवतीको प्रसुती वर्थिङ सेन्टरमा हुने व्यवस्था गरिनेछ ।

११) गाउँपालिकामा एम्बुलेन्स सेवा व्यवस्था गरिने छ र स्थानीय बर्थिङ सेन्टरमा बच्चा जन्माउन सदरमुकामसम्म आउन जान निःशुल्क सेवा उपलब्ध गराइने छ ।

१२) प्रत्येक वडास्तरमा महिला सञ्जाल गठन गरिने छ र पालिका स्तरको महिला सञ्जाल गठन गरी बाल विवाह अन्त्य, घरेलु हिंशा अन्त्य,दहेजप्रथाको अन्त्य, घर, समाज, विद्यालय महिला तथा किशोरी मैत्री बनाउन अभियान सञ्चालन गरिने छ ।

१३) स्वास्थ्य समितिलाई क्षमता अभिवृद्धि गराइने छ । जसले स्वास्थ्य चौकिमा सुशासन प्रवर्द्धन गर्ने छ ।

१४) गाउँपालिकाले प्रत्येक वर्ष बजेट विनियोजन गर्दा यस गुरुयोजनालाई प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने छ ।

१५) गाउँपालिका स्तरमा महिला तथा बाल अधिकार डेस्क निमाण गरिने छ ।

१) नीति तथा कार्यक्रमहरुको विश्लेषण: आधारभूत स्वास्थ्यका दृष्टिले राष्ट्रिय नीतिहरु के हुन ? अहिले चलिरहेका कार्यक्रमहरु के हुन भनेर राष्ट्रिय दृष्टिकोण र दिशाबारे अध्ययन र विश्लेषण गरिएको थियो । यस्तो अध्ययन विश्लेषण महिला, किशोरीको अधिकार र भावि बाटोबारे पनि गरिएको थियो ।

२) सहभागिमूलक गोष्ठि: यस नीति तथा गुरुयोजना निर्माण प्रक्रियाको मुख्य मुद्को रुपमा कार्यपालिका, सरकारी कर्मचारी, यस क्षेत्रमा काम गरिरहेका विषय विज्ञहरुबीचको एक सहभागिमूलक गोष्ठि रहेको थियो, जसले समस्या र भावि समाधानका बाटाहरु पहिचान गरेको थियो । यस गोष्टि अत्यन्तै अन्तर्क्रियात्म रुपमा सञ्चालन गरिएको थियो । औपचारिकतामा आधारित थिएन । औपचारिकताले जनप्रतिनिधिहरुलाई बाँढ बाध्ने हुँदा अनौपचारिक ढंगबाट सञ्चालन गरिएको थियो ।

सोच, लक्ष्य, उद्देश्य

यस नीति तथा गुरु योजनाका सोच लक्ष्य र उद्देश्यहरु निम्नानुसार छन-

४ सोच

महिला तथा किशोरीको पूर्ण मानव अधिकार प्रत्याभुत गर्दै यस गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकलाई निःशुल्क रुपमा आधारभूत स्वास्थ्य अधिकार स्थापित गराइ संविधानले परिकल्पना गरेको समाजवादलाई योगदान गर्नु ।

६ लक्ष्य

महिला किशोरीहरुको स्वास्थ्य अधिकार तथा पूर्ण मानव अधिकारको प्रत्याभूत गर्दै आधारभूत-स्वास्थ्य सेवा उपलब्ध गराइ सबै नागरिकलाई निःशुल्क स्वास्थ्य अधिकार स्थापित गराउने ।

७ उद्देश्य:

१) सबै नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइ स्वास्थ्य अधिकार स्थापित गर्ने ।

२) महिला र किशोरीको स्वास्थ्य अधिकार स्थापित गर्ने ।

३) महिला र किशोरीको शसक्तिकरण गर्ने ।

४) बाल विवाहको अन्त्य गर्ने ।

५) आङ खस्ने समस्याको न्यूनीकरण गर्ने ।

६) घर, समाज, विद्यालय र स्वास्थ्य संस्था महिला तथा किशोरी मैत्री बनाउने ।

७) महिला र किशोरीको पोषणको अर्थात सन्तुलित भोजनको व्यवस्थापन गर्ने ।

८) महिला विरुद्धको हिंसा अन्त्य गर्ने ।

९) दहेजप्रथाको अन्त्य गर्ने ।

## १. भूमिका

प्रदेश नम्बर २, सर्लाही स्थित रामनगर गाउँपालिकाले आधारभूत नीति तथा महिला किशोरी शसक्तिकरण गुरु योजना निर्माण गरेको छ। मधेशका आफ्नै विशिष्ठता छन्। मधेशभित्र पनि विविधता छ। रामनगर गाउँपालिका स्थानीयतालाई समेटेर यस गुरुयोजना निर्माण भएको छ। रामनगर गाउँपालिकाले महिला किशोरीहरुको स्वास्थ्य अधिकार र सशक्तिकरण सम्बन्धी गुरु योजना निर्माण गर्न चार दिनको सहभागितामूलक गोष्ठिको आयोजना गर्‍यो।

आफ्ना समस्याहरुको आफै विश्लेषण गर्नु र आफै समाधानका उपायहरु पत्ता लगाउनु यस गोष्टिको मूल मर्म थियो। बाहिरिया विज्ञहरुबाट बनाइएका नीति र योजनाहरु कामयावी नभएको सन्दर्भमा यस्तो सहभागिमूलक गोष्टिबाट नीति तथा योजना निर्माण गरिनु धेरै ठूलो काम हो। संघीयताको सन्दर्भमा स्थानीय सरकारको मर्म पनि यही नै हो। स्थानीय समस्या र आफ्नै भूगोल, परिस्थिति र विशेषतानुसार यो प्रक्रियाबाट नीति तथा योजनाहरु बनेभने यसले स्थानीय सन्दर्भ र स्थानीय समस्यालाई पक्रन्छ र समाधानको बाटो पनि यथार्थ धरातलमा तय हुन्छ। कार्यान्वयनमा धेरै जटिलता उत्पन्न हुँदैन।

यस गोष्टि बहुसरोकारवाला थियो, जहाँ गाउँपालिकाको सिंगो कार्यपालिका थियो र विषयगत शाखाका प्रमुखहरु उपस्थित थिए। शिक्षा ,स्वास्थ्य र योजना शाखाका प्रतिनिधिहरुगोष्ठिमा उपस्थित थिए। जसले गर्दा शिक्षा, स्वास्थ्य र योजना शाखाको भोलिको कार्यान्वयन पक्षमा के हुने भन्ने अन्योलता रहेन, अर्थात् शिक्षा, स्वास्थ्य र योजना शाखाले आफ्नो भूमिका आफै सहभागिमूलक ढंगबाट पहिचान गरे। यसको अलवा गोष्ठिमा महिला प्रजनन तथा किशोरी अधिकारमा लामो समय काम गरेका व्यक्तिहरुको पनि उपस्थिति थियो। लामो समयसम्म समुदाय स्तरमा काम गरेका यस्ता व्यक्तिहरुको उपस्थितिले गोष्ठिलाई अर्थात् गुरु योजना तथा नीतिलाई यथार्थ धरातलमा लैजान धेरै मद्दत मिलेको थियो।

यस गोष्ठिको मुख्य विशेषता भनेको स्थानीयतामा आधारित तथा स्थानीय विशेषता र विशिष्टतामा आधारित समस्याको पहिचान गर्नु र आगामी बाटो तय गर्नु थियो।

## २.अवधि

यस गुरुयोजना तीन वर्षभित्रमा पुरै कार्यान्वयन हुने किटान गरिएको छ तर विषयका आधारमा समय सीमा भने तोकिएको छ। कुनै विषय तीनै महिनामै कार्यान्वयन हुने गरि तोकिएको छ भने कुनै विषय तीन वर्षभित्र कार्यान्वयन हुने योजना गरिएको छ।

## ३. नीति र गुरुयोजनाको ढाँचा

यस नीति र गुरुयोजनाको परम्परागत मान्यतालाई पच्छ्याएको छैन। नीतिहरु कानुनी प्रस्तुत गर्नुभन्दा गाउँपालिकाको सजिलोका लागि बुँदागत प्रस्तुती गरिएको छ। अर्को पक्ष गाउँपालिकाको स्रोत र सामर्थको आधारमा प्रस्तुत गरिएको छ।

## ४. प्रक्रिया

- आधारभुत स्वास्थ्य संस्थाप्रति नागरिकको अविश्वास ।
- स्थानीय स्वास्थ्य नीति तथा गुरु योजना अहिलेसम्म नबन्नु ।
- गाउँपालिकाभित्र आधारभूत (१५ शैयाको) अस्पताल अहिलेसम्म व्यवस्था नहुनु,
- पोषण परिक्षणका लागि व्यवस्थित ओटीसी OTC नहुनु,
- प्रत्येक वार्डमा बर्थिङ सेन्टर नहुनु,
- सर्पदंश केन्द्रको अभाव,
- आधारभुत मापदण्ड नपुगेका कथित डक्टरहरुको सेवा लिन स्थानीय बाध्य हुनु,
- पढनलेख्न नजानेका तथा पाका महिला स्वास्थ्य स्वयसेविका हुनु,
- पर्याप्त स्रोत साधन र बजेटको अभाव,
- सन्तुलित भोजनको कमीका कारणले पोषणमा समस्या,
- मापदण्ड विपरितका निजि क्लिनिक संचालन हुनु (औषधी पसल),
- भौतिक पुर्वाधारको कमी,
- भुगोल र जनसङ्ख्याको आधारमा सेवा प्रदायक संस्थाको अपर्याप्तता
- महिला तथा अपाङ्ग मैत्री पूर्वाधार नहुनु,
- कार्यालय समयभित्र स्वास्थ्यकर्मीको पूर्ण उपस्थिति नहुनु,
- औषधीको दुरुपयोग हुनु
- खाद्य वस्तुको प्रयोगमा स्थानीय प्रयोगको अभाव,
- घुम्ती सेवा प्रभावकारी नहुनु,
- निःशुल्क स्वास्थ्य उपचार पूर्ण नहुनु,
- स्वास्थ्य सेवामा समान पहुँच नहुनु,
- स्वास्थ खानेपानी तथा सरसफाईको अभाव,
- निःशुल्क एम्बुलेन्स सुविधा नहुनु,
- पूर्ण अर्गानिक गा.पा. घोषण नहुनु (बिउ, मल, विषादी र खाद्य वस्तु बाहिरबाट आउनु)
- औजार तथा उपकरणको अभाव,
- आङ खस्ने समस्याको जाँच,निदान र उपचारनहुनु,
- स्वास्थ्य संस्थामा औषधीको अभाव,
- प्रयोगशालाको अभाव
- खोपसेवा प्रभावकारी नहुनु

**❖ २. आधारभूत स्वास्थ्यबारे ठोस निर्णय**

नीति तथा तथा गुरु योजनाको यो भन्दा माथिल्लो खण्डमा आधारभूत स्वास्थ्यका दृष्टिकोणबाट खास समस्याहरु के हुन भन्ने प्रस्तुत गरियो । यस खण्डमा ठोस योजना प्रस्तुत गरिएको छ ।

| क्र.स. | निर्णय | लागु हुने अवधि | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | १५ शैयाको आधारभत अस्पताल हुने छ । | दुईवर्षभित्रमा । | गा.पा. | |

१६। गर्भवस्था र सुत्केरी पछि नियमित स्वास्थ्य जाँचको व्यवस्थापन गरिनेछ ।

१७। स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिने छ । उक्त पाठ्यक्रममा बालविवाह, दाइजोप्रथा, महिला हिंसा, किशोर किशोरीको समस्या समेटिने छ । र साथै यस गाउँपालिकाको प्राकृति स्रोत, मौलिकता अर्थात गौरवगाथाहरु पनि समेटिने छ ।

१८। यस पालिकाभित्रका विद्यालयमा दिवा खाजाका रुपमा स्थानीय उत्पादन मात्रै उपभोग गर्न पाइने मान्यता अगाडि सारिएको छ । पत्रु खाना खुवाएमा दण्डनीय हुने छ ।

१९। आड खस्ने समस्यालाई विशेष रुपमा समाधान गर्न स्वास्थ्य संस्थामा रिङपेसरी, दक्ष जनशक्तिको व्यवस्थापन गरिने छ ।

२०। आड खसेको समस्यालाई बाहिर शल्यक्रिया गर्न जान परेका विशेष सुविधा प्रदान गरिने छ ।

२१। घर, समाज, विद्यालय, स्वास्थय संस्था, वडा कार्यालय, गाउँपालिकालाई किशोरी मैत्रीको मापदण्ड तोकी विशेष अभियान संचालन गरिने छ ।

२२। महिला स्वयंसेविकाले स्वैच्छिक अवकास लिन खोजेको खण्डमा विशेष प्याकेजको व्यवस्था गरिने छ ।

२३। बालविवाह भएको खण्डमा त्यस्तो विवाह भएको भोजभतेरमा यस पालिकाको, जनप्रतिनिधि, शिक्षक, कर्मचारी, प्रहरी र अन्य सरकारी सेवामा रहेका उपस्थित हुने पाइने छैन ।

२४। एक विद्यालयमा एक नर्सको व्यवस्थाको गरिने छ ।

२५। फोहोर मैला व्यवस्थापनका लागि फोहोरमैला व्यस्थापन समिति गठन गरिने छ । यस्तो समितिलाई क्षमता अभिवृद्धि गरिनुका साथै स्रोत साधन सम्पन्न बनाइने छ ।

२६। यस गाउँपालिकाभित्र औषधीको अभावलाई मध्यनजर राखि प्रदेश सरकार र संघ सरकारसँग थप औषधीका लागि पहल गरिने छ ।

२७। कुनै पनि उद्योग संचालन गर्नुपरेमा समुदायदेखि ३०० देखि ५०० मिटरभन्दा टाढा हुनुपर्ने छ । यो नीति कुखुरा फारमलाई पनि लागु हुने छ ।

२८)महिला स्वास्थ्य स्वय सेविकाको कार्यलाई अझ प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वय सेविकालाइ आधुनिकीकरण गरिनेछ /

## ९.आधारभुत स्वास्थ्य अधिकारका समस्या र ठोस निर्णयहरु

यस नीति तथा गुरु योजनाले समस्यालाई दुई खण्डमा विभाजित गरिएको छ । पहिलो खण्ड आधारभूत स्वास्थ्यका समस्याहरु के हुन र गाउँपालिकाले गर्नुपर्ने ठोस निर्णय के हो समेटिएको छ ।

❖ १. आधारभुत स्वास्थ्यका दृष्टिकोणले समस्याहरु

| | | | | |
|---|---|---|---|---|
| २ | अस्पताललाई बिजुली, पानीजस्ता भौतिक पूर्वाधारले सम्पन्न गराइने छ । | दुई वर्षभित्रमा । | गापा | |
| ३ | तिन वटा बर्थिङ सेन्टर बनाइने छ । प्रत्येकबर्थिङ सेन्टरमा चार कोठे भवन तीन जना तालिमप्राप्त जनशक्ति हुने छन् । | एक वर्षभित्रमा । | गापा | |
| ४ | स्वास्थ्य समिति सक्रिय भइ सुशासन प्रवर्द्धन गर्ने छन् । | एक वर्षभित्र | गापा | |
| ५ | तिन वटा एम्बुलेन्सको व्यवस्था गरिने छ । | दुई वर्षभित्र | गापा | |
| ६ | प्रत्येक स्वास्थ्य संस्थामा दुईजना नर्सिङ स्टाफ हुनेछन् । | एकवर्षभित्र | गापा | |
| ७ | एक ओटीसी सेन्टर हुनेछ । | एक वर्षभित्र | गापा | |
| ८ | बीस लाखको थप औषधि खरिद गरिने छ । | एक वर्षभित्र | संघ र प्रदेशको सहयोगमा | |
| ९ | महिला स्वास्थ्य स्वय सेविकाको स्वैछिक अवकास | यस योजना लागु भएपछि स्वैछिक अवकाश लिन चाहने स्वंय सेविकालाई रु पचास हजार प्रदान गरिने छ । | गापा | |
| १० | फोहोर मैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन समिति निर्माण गरिने छ । | यस योजना लागु भएपछि । | गापा | |
| ११ | मापदण्ड पुरा नगरेका निजी क्लिनिक बन्द गरिने छ । | यस नीति तथा गुरुयोजना लागु भएपछि । | गापा | |
| १२ | खोप भण्डारणका लागि ILRकोव्यवस्थागरिनेछ । | एक महिनाभित्र | गापा | |

हुनेछन । पहिलो, स्वास्थ्य संस्थामा आधारित प्रयोगशाला र दोस्रो, प्राथमिक स्वास्थ्य केन्द्र/आधारभूत अस्पतालमा आधारित प्रयोगशाला हुनेछ, जो निम्नानुसार हुनेछ-

हेल्थ पोष्टमा आधारित प्रयोगशालाको संरचना र व्यवस्थापन:

१ ल्याब टेक्नोसियनसहित २ जना जनशक्ति प्रयोगशालामा भएको हुनेछन ।

२ यस प्रयोगशालाको क्षेत्रफल १५० वर्ग फिटभन्दा माथि हुनेछ ।

३ यस प्रयोगशालामा निम्नानुसार परिक्षण हुनेछ । रगत परिक्षण टिसि डिसि इसिआर (Haematology)

- Bio/Chemistery:- Sugar, Uria, Bilirubim
- Albumin, Protein
- Micro -Biology-Sputum, (AFB)
- Test by RDT
- विविध- Routine examination of Stool , Urine, Pregnancey test

**११ प्राथमिक स्वास्थ्य केन्द्र/आधारभूत अस्पताल**

१ क्षेत्र : २५० वर्ग फिट माथि

२ मानव स्रोत : कम्तिमा ४ जना (ल्याब टेक्नोलोजिस्ट १ सहित)

३ सेवा : Haemology -सबै +RBC+Platelets Count
Bio-Chemisty सबै Supt, ALT,Sodium, Potassium, Lipid Profile
Micro Biology - Gram Stain सबै
serological Test, RPR, widal test,
विविध RDT, Routine Examination,video x-ray

**१२ महिला तथा किशोरीका स्वास्थ्य समस्या** यस गाउपालिकाले आधारभूत स्वास्थ्यका दृष्टिकोणबाट माथि समस्या र योजना प्रस्तुत गरियो । यस खण्डमा महिला किशोरीका समस्या र गाउपालिकाका ठोस योजनाहरु प्रस्तुत गरिएको छ ।

**पहिलो खण्डमा समस्याको सुची प्रस्तुत गरिएको छ र प्रत्येक समस्याको विश्लेषण र ठोस योजना प्रस्तुत गरिएको छ ।**

- **महिला तथा किशोरी सम्बन्धि स्वास्थ्य तथा अन्य सामाजिक समस्याहरु निम्नानुसार छन् ।**

- बालविवाह अर्थात सानै उमेर बच्चा जन्माउनु
- गर्भपतन सेवा सबै बाट नहुनु
- छोराको आशमा छोरी धेरै जन्माउनु

| | | | | |
|---|---|---|---|---|
| १३ | सर्पदंश केन्द्र बन्ने छ । | एक वर्षभित्र | गापा | सर्पदंश केन्द्र वडा नम्बर सातमा बन्ने छ । |
| १४ | नेपाल सरकारको प्रोटोकल बमोजिम प्रयोगशालाको व्यवस्था गरिनेछ । | तीन वर्षभित्रमा । | गापा | पहिलो वर्ष पालिकामा खोलिने छ र बाँकी तीन वर्षमा नेपाल सरकारले भने बमोजिम प्रयोगशाला व्यवस्था गरिने छ । |
| १५ | ३२ ओटा स्तनपान कक्ष निर्माण हुने छ । | एक वर्षभित्रमा । | गापा | |
| १६ | ब्लड बैंक स्थापना हुने छ । | दुई वर्षभित्रमा । | गापा | |
| १७ | एक अपांगता पुनस्थापना केन्द्र स्थापना गरिने छ । | दुई वर्षभित्रमा । | गापा | |
| १८ | सबै गर्भवती महिलाहरुले दक्ष जनशक्तिको सहयोगमा बर्थिङ सेन्टरमा बच्चा जन्माउने छन् । | एक वर्षभित्रमा । | गापा | अहिले नै बर्थिङ सेन्टरमा बच्चा जन्माउनेको दर ४० प्रतिशत छ । बाँकी ६० प्रतिशतका लागि व्यापक सचेतिकरण र जनपरिचालन गरिने छ । |
| १९ | सबै गर्भवतीले नेपाल सरकारको प्रोटोकल अनुसार गर्भ जाँच र सुत्केरी जाँच गर्नेछन् । | एक वर्ष भित्र | गापा | हाल गर्भवती जाँचको दर ५० प्रतिशत छ । बाँकी ५० प्रतिशतका लागि व्यापक जनपरिचालन गरिने छ । |

**१० प्रयोगशालाको स्थापना**

यस गाउँपालिकाले आधारभूत स्वास्थ्यका दृष्टिकोणले स्वास्थ्य संस्थालाई प्रभावकारी बनाउने, दक्ष जनशक्तिमा आधारित बनाउने र सामुदायिक स्वास्थ्य इकाइ मार्फत् प्रत्येक नागरिकलाई आधा घण्टाको दुरीमा स्वास्थ्य सेवा दिने प्रबन्धको निर्णय गरियो । प्रयोगशालाविना आधारभूत स्वास्थ्य सेवाको अधिकार स्थापित हुन सक्दैन । तल यस गाउँपालिकामा खोलिने प्रयोगशालाको निर्धारण गरिएको छ । यस गाउँपालिकाभित्र दुई किसिमको प्रयोगशाला

- बाबुआमामा जागरणको कमी, बाबुआमालाई जानकारीको कमी
- विद्यालयमा प्रजनन स्वास्थ्य अधिकारको कम पठन पाठनमा
- कम जन्मान्तरमा बच्चा जन्माउन
- दक्ष स्वास्थ्यकर्मीको अभाव
- दहेजप्रथाको अभ्यास व्याप्त
- बालविवाहको अभ्यास व्याप्त ,
- महिलाप्रति हेर्ने दृष्टिकोण फरक हुनु
- हानीकारक सामाजिक ,संस्कार
- लैंङ्गिक विभेद,
- आड खस्ने समस्या,
- किशोरी मैत्री विद्यालय र किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको कमी,
- समाजमा यौन तथा प्रजनन शिक्षाको कमी,
- स्वास्थ्य शिक्षा सम्बन्धी जनजागरणको कमी,
- किशोरी र बालबालिकालाई सामाजिक सुरक्षाको कमी,
- छोरीप्रतिको नकरात्मक सामाजिक दृष्टिकोण,
- विद्यालयमा यौन तथा प्रजनन शिक्षाले प्राथमिकता नपाउनु,
- घरेलु हिंसा,
- विद्यालयका भौतिक संरचनाहरु किशोरी मैत्री नहुनु,
- किशोरीहरुमा कामको बढी बोझ हुनु,
- महिला, बालबालिका, किशोरी सशक्तिकरण अभियान नहुनु,
- समाजमा व्याप्त अन्ध विश्वास रहनु,
- पोषणको समस्या
- असुरक्षित गर्भपतन
- स्थनपान कक्षको अभाव
- परिवार नियोजनको अस्थायी साधनको अभाव
- स्वास्थ्य संस्थामा परामर्श तथा गोप्य कक्षको अभाव
- नियमित खोपको अभाव
- मापदण्ड अनुसारको बर्थिङ सेन्टर नहुनु
- मापदण्ड खोप केन्द्र नहुनु
- सुरक्षित मातृत्वको अभाव
- ओपीडी सेवा व्यवस्थित नहुनु
- एक विद्यालय एक नर्स कार्यक्रम लागु नहुनु
- आइरन चक्की पर्याप्त वितरण नहुनु
- समान कामको पुरुष सरह महिलाले ज्याला नपाउनु

## १३. बाल विवाह

### भूमिका

तीन वर्षभित्र यस गाउँपालिकाले बालविवाह अन्त्य गर्ने आफ्नो नीति तथा योजना अगाडि सारेको छ। यस नीति तथा योजनालाई कार्यान्वयनका लागि निम्न सरोकारवालाहरुको पहिचान गरेको छ, जो निम्नानुसार छ-

सरोकारवालाहरु:

१. अभिभावक

२. विद्यालय

३. गाउँपालिकास्थित शिक्षा शाखा

४. गाउँपालिकास्थित महिला तथा बालबालिका शाखा

५. गाउँपालिकास्थित स्वास्थ्य शाखा

६. राजनीतिक दल

७. प्रहरी प्रशासन

८गाउँपालिका

९. वडा कार्यालय

१०. क्लब, समुहहरु

११. आमा समूह

१२. गैसस

१३. महिला सञ्जाल

१४. नागरिक समाज

माथिका सरोकारहरुलाई निम्नलिखित जिम्मेवारी दिइएको छ, जस अनुसार गाउँपालिकाको भूमिका निम्नानुसार छ-

### गाउँपालिकाको भूमिका

#### क. महिला सञ्जाल गठन

बालविवाह अन्त्यका लागि पालिका स्तरमा एक महिला सञ्जाल निर्माण गरिने छ। यस्ता महिला सञ्जाल वडास्तरमा पनि ६ वटा गरिने छ। अहिले वडा ठूलो भएकाले टोल स्तरमा पनि यस्ता सञ्जाल गठन गरिने छ।

उपाध्यक्षको संयोजकत्वमा महिला विकास शाखाको प्रमुख सदस्य सचिव रहने गरी समिति बनेको छ । उक्त समितिले तीन जना सदस्यहरु मनोनित गर्नेछ र काम शुरु गर्नेछ ।

असार मसान्तभित्र टोल स्तरीय, वडा स्तरीय र गाउँपालिका स्तरीय समिति निर्माण भइसकेको हुने छ । बालविवाह अन्त्यको लागि यस सञ्जालले जनजागरण अभियान सञ्चालन गर्नेछ। सो सजालले गाउँपालिकलाइ आवश्यक स्रोत छुट्याउन पहल गर्ने छ । महिला तथा किशोरी स्वास्थ्य अधिकारको पक्षमा वकालत गर्नेछ । गाउँपालिकाले महिला विकास शाखालाई यस्तो यसका लागि चाहिने आवश्यक स्रोत व्यवस्थापन गर्ने छ ।

### ख. बाल अधिकार समिति

प्रत्येक वडामा छमहिना भित्र बाल अधिकारसमिति गठन हुनेछ, वडाध्यक्ष वा वडाध्यक्षले तोकेको व्यक्तिको अध्यक्षतामा यस्तो समिती बन्नेछ । जसमा महिला सदस्य वा दलित महिला सदस्य, स्वास्थ्यकर्मी, शिक्षक, सामाजिक परिचलाक, महिला स्वास्थ्य स्वय सेविका, महिला सामाजिक कार्यकर्ता, बाल क्लबका प्रतिनिधि सम्मिलित भई उक्त समिती गठन हुनेछ । यो समितीले बालअधिकारका समग्र पक्षमा अनुसन्धान, सामाजिक परिचालन, वकालत, पैरवी, निगरानी र व्यवस्थापन गर्नेछ ।

### ग. बाल क्लब

असार मसान्तभित्र सबै विद्यालयमा बाल क्लब बन्ने छ । बाल क्लवले सचेतनामूलक अभियान सञ्चालन गर्ने, दौतरी शिक्षा सञ्चालन गर्ने, विद्यालय र समुदायमा बालविवाह अन्त्यका लागि सिर्जनात्मक अभियानहरु संचालन गर्ने । बाल विवाह किन गर्नु हुँदैन जस्ता विषयमा वादविवाद तथा निबन्ध प्रतियोगिता जस्ता सचेतनामूलक कार्यक्रम गर्ने । आवश्यक स्रोत व्यवस्थापन गाउँपालिकाले गर्ने छ ।

### घ. महिला तथा बाल अधिकार डेस्कस्थापना

गाउँपालिका अहिले स्थानीय सरकारको रुपमा काम गरिरहेको हुनाले यसको कार्यक्षेत्र निकै ठूलो छ। कहिलेकाहीं कार्यक्षेत्र ठूलो भएका कारणले महत्वपूर्ण विषय पनि छायाँमा पर्ने भएकाले महिला तथा किशोरी अधिकारको जिम्मेवारी र बालविवाह अन्त्यको लागि विशेष रुपमा ध्यान दिन महिला तथा बाल अधिकार डेस्कको प्रस्ताव गरिएको छ ।

गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा महिला विकास शाखाको प्रमुख सदस्य सचिव रहने गरी पालिका स्तरमा महिला सञ्जाल निर्माण भएपछि महिला सञ्जालको एक प्रतिनिधि र गाउँपालिकाको कार्यपालिकाबाट दुई जनाको प्रतिनिधित्व हुनेगरी पाँच जनाको समिति बन्ने छ। पाँच जनामध्ये कम्तिमा तीन जना महिला हुने छन्। पुरुषको हकमा कम्तिमा एक जना पुरुष अनिवार्य रुपमा हुने छ ।

यो काम तुरुन्तै प्रारम्भ हुने छ । महिला सञ्जाल निर्माण भइसकेपछि असार मसान्तभित्रमा महिला तथा बाल अधिकार डेस्कले पूर्णता पाउने छ । महिला तथा बालअधिकार डेस्कले मुख्यतया यस गुरु योजना लागु गर्न महिला तथा किशोरी स्वास्थ्य अधिकारको पक्षमा गाउँपालिका र अन्य सरोकारवालाहरुलाई दवाब दिनेछ । गाउँपालिकालाई आवश्यक श्रोत विनियोजनको लागि गाउँपालिकालाई माग गर्ने वा दवाब दिने र स्थानीय समुदायमा अभियान सञ्चालन गरिने छ । यस डेस्कले महिला तथा बालबालिकाका सवालमा निगरानीको

भूमिका हुनेछ । यही आधारमा गाउँपालिकाले यसको कार्यविधि असार मसान्तभित्र तयार गर्नेछ । यसका लागि आवश्यक स्रोत गाउँपालिकाले व्यवस्थापन गर्ने छ ।

**ङ) स्थानीय पाठ्यक्रम निर्माण**

स्थानीय सरकारलाई अहिले स्थानीय पाठ्यक्रम निर्माण गरि अध्यापन गराउने जिम्मेवारी छ । यस गाउँपालिकाको समस्या बाल विवाह, आइ खस्ने सवाल, महिला हिंसाले समाजले पारेको नकारात्मक असर, किशोरी र महिला मैत्री स्कुल र विद्यालय किन बनाउन पर्दछ जस्ता विषयहरु एक अध्यायमा समेटिने छन् भने गाउँपालिकाको गौरवगाथा, प्राकृतिक स्रोतको उपलब्धता, स्थानीय खाद्यवस्तु समेटिएको अथात् गौरवगाथा समेटिएको हुने छ ।

यो जिम्मेवारी   गाउँपालिकालाई तोकिएको छ ।आगामी ६ महिनाभित्रमा स्थानीय पाठ्यक्रमको पढाइ सुरु हुने छ ।स्थानीय पाठ्क्रम निर्माणका लागि आवश्यक स्रोतको व्यवस्थापन गाउँपालिकाले गर्ने छ ।

**च) महिला तथा बालिका मैत्री विद्यालय र स्वास्थ्य संस्था**

संस्था एक स्वास्थ्य संस्थामा कम्तिमा एक जना महिला स्वास्थ्यकर्मी हुने प्रावधान भए पनि यस पालिकामा कार्यन्यवन नभएकोले यस निती तथा गुरुयोजनाले एक स्वास्थ्य संस्था एक महिला स्वास्थ्यकर्मीको प्रावधान अघाडि सारेको छ । यसै गरी एक विद्यायल एक नर्स तथा मनोसामाजिक परामर्शदाताको अवधारणालाई पनि लागु गरिनेछ ।

गाउँपालिका स्वय आफैले वा गाउँपालिको पहलमा प्रादेशिक वा संघीय सरकारको सहयोगमा यो अवधारणा लागु हुने छ । एक वर्षभित्रमा एक स्वास्थ्य संस्था एक महिला स्वास्थ्य कर्मी र एक विद्यायल एक परामर्शदाताको अवधारणा कार्यान्वमा आउने छ ।

यस नीति तथा योजना पास भएपछिवालविवाहको हकमा निम्न प्रस्तावहरु प्रस्तुत गरिएको छः

- भोजभतेरमा गाउँपालिकाको सबै प्रतिनिधि, शिक्षक, प्रहरी, सरकारी तथा गैरसरकारी कर्मचारी, महिला सञ्जालका टोलदेखि पालिकासम्मका सदस्यहरु, आमा समूह, बालक्लव कोही पनि भोजभतेर र त्यस्ता वैवाहिक कार्यक्रममा संलग्न हुने छैनन् ।
- बालविवाह भएको खण्डमा त्यस्तो घरपरिवारले दुई वर्षसम्म पालिका स्तरीय अनुदान कार्यक्रमबाट बञ्चित हुनुपर्नै छ तर पञ्जिकरणको सेवा सुविधाबाट भने वञ्चित गरिने छैन ।
- बाल विवाह र दहेजप्रथा दण्डनीय मानिनेछ ।
- जननिर्वाचित प्रतिनिधि, शिक्षक, सरकारी कर्मचारी, संघसस्थामा आवद्ध व्यक्तिहरु बाल विवाहको कुनै पनि क्रियाकलापमा संलग्न हुन पाइने छैन ।
- यस योजना पास भएपछि निमन्त्रणा कार्डमा अनिवार्य विवाह गर्ने किशोरीको उमेर खुलाउनुपर्ने छ । कार्ड नबनाइ विवाह गरेमा यो धारा आकर्षित हुने छैन ।
- उमेर पुगेपछिको प्रेम विवाहलाई स्वीकार गर्न गाउँपालिकाले सरोकारवालहरु परिचालन गर्ने छ ।
- यो नीति तथा गुरुयोजना लागु भएपछि यस पालिकाभित्र बाल विवाह गर्न पाइने छैन ।

- किशोरीहरुलाई विद्यालयमै टिकाउने रणनीति लिइने छ । पोशाक, कपी, कलम पालिकाले व्यवस्था गर्ने छ । विद्यालय छोडेका उमेर पुगेका किशोरीहरुलाई सीपमूलक तालिमको व्यवस्था गरि रोजगारमा सहजिकरण गरिने छ ।

**अन्य सरोकारवालाको भूमिका**

गाउपालिकाको भूमिका समय सीमा र स्रोत व्यवस्थापनसहित माथि उल्लेख गरियो । केही सरोकारवालाहरुको समयसीमा नतोकिएको निरन्तरको भूमिका हुन्छ, जसलाई उल्लेखनीय स्रोतको पनि आवश्यकता पर्दैन । ती सरोकारवालाहरुको भूमिका तल प्रस्तुत गरिएको छ ।

क. अभिभावक :

- आफै सचेत र अनुशासित हुने,
- पारिवारिक मेलमिलाप कायम गर्ने,
- प्रविधिको सही सदुपयोग गर्न प्रेरित गर्ने,
- बालबालिकालाई अनावश्यक दवाव नदिने,
- बालबालिकाको प्रमुख क्षमतालाई प्रोत्साहन गर्ने
- किशोरावस्थामा हुने परिवर्तनमा आफु सचेत हुने र बालबालिकालाई सचेत गराउने,

ख.शिक्षा शाखा / विद्यालय :

- लैगिंक समानताको अभ्यास गर्ने,
- यथार्थपरक अभिलेखीकरण गर्ने,
- स्थानीय पाठ्यक्रम निर्माण गर्ने र अध्यापन गर्ने, गराउने
- एक विद्यालय र एक नर्स /परामर्शदाताका लागि पहल गरी व्यवस्था गर्ने

ग. महिला तथा बालबालिका शाखा

- नियमित परामर्श अभियान सञ्चालन गर्ने,
- जनजागरण अभियानसञ्चालन गर्ने,
- घटनाको विस्तृत विवरण लिने, आवश्यक अध्ययन अनुसन्धान गर्ने,
- बालविवाह अन्त्यका लागि जनजागरण तथा छलफल, गोष्ठी संचालन गर्ने,

घ. क्लवहरु -बाल,युबा, जनचेतनामुलक अभियान संचालन गर्ने,

- बालविवाह विरुद्धको भित्ते चित्र, होर्डिङबोर्ड राख्ने,
- सूचनाको गोप्य निगरानी राख्ने,
- संगठित रुपमा कानुनी उपचारको खोजी गर्ने,
- दौतरी शिक्षा संचालन गर्ने,
- बालविवाह अन्त्यका लागि पैरवी, वकालत गर्न छलफल, गोष्ठी संचालन गर्ने,

- आर्थिक प्रभाव
- सामाजिक प्रभाव

सरोकारवालाहरु :

दहेजप्रथा अन्यका लागि यस गाउँपालिकाले निम्नलिखित सरोकारवालाहरु पहिचान गरेको छ। तल उल्लेखित सरोकारवालाहरुको परिचालनबाट दहेजप्रथा अन्य गर्ने यस गाउँपालिकाको प्रस्ताव छ।

- अभिभावक
- पुरोहित (पंडित), महिन्जन
- समाज, समुदाय
- प्रभावशाली व्यक्तिहरु (भद्रगण, समुदायमा प्रभाव पार्न सक्ने व्यक्तिहरु)
- जनप्रतिनिधिहरु
- प्रहरी प्रशासन
- संघसंस्थाहरु
- नागरिक समाज
- संचार माध्यमहरु

सरोकारवालाहरुको भूमिका

सरोकारवालाहरुलाई निम्नअनुसार परिचालन गर्ने यस गाउँपालिकाको लक्ष्य छ।

१ **अभिभावक** :– छोराको विहेमा दहेज नलिने, दहेज छोरीको विहेमा दहेज नदिनचलन चलाउन प्रतिबद्ध हुन र छोरी शिक्षामा जोड दिनका लागि गाउँपालिकाले संघसंस्थाको समन्वयनमा सहजिकरण गर्ने छ।

२ **पुरोहित (पंडित)** : दहेजलिनेदिने व्यक्तिहरुको छोरा छोरीको विहेमा सरिक नहुन सहजिकरण गर्ने छ।

३ **समाज, समुदाय** :–दहेजलिने दिने दुवै पक्षलाई सामुहिक बहसमा सहभागि गराइ बहस कार्यक्रमको संचालन गर्ने छ। यस्तो बहसको सहजीकरण वडा अध्यक्षले गर्ने छन। महिला तथा बाल अधिकार डेस्क र बालबालिका अधिकार र संरक्षण समिती, दहेज नियन्त्रण समिति पनि यस्तो बहस कार्यक्रममा सहभागी हुने छन।

४ **जनप्रतिनिधिहरु** दहेजलिने दिने कुनै पनि वैवाहिक कार्यक्रममा जनप्रतिनिधिहरु उपस्थित हुने छैनन्। यसै गरी पालिकाभित्रका कर्मचारी, शिक्षक, स्वास्थ्य कर्मी, प्रहरी र संघसंस्था यो योजना पास भएपछि उपस्थित हुन पाउने छैनन।

५ **प्रहरी प्रशासन** : नेपाल सरकार र स्थानीय सरकारले बनाएको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नेछन्। दहेज लिनेदिनेलाई कानुनी कारवाही गर्नेछ।

**संघसंस्थाहरु** दहेजलिने दिने विवाहमा संघसंस्थाका प्रतिनिधिहरु उपस्थित हुने छैनन, अर्थात यो योजना पास भएपछि उपस्थित हुन पाउने छैन। विभिन्न किसिमका चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी

१.५ राजनीतिक दलहरु

- कुनै घरले बालविवाह गरेमा उक्त घरको व्यक्तिको जुन दलको भए पनि सदस्यता खारेजी गर्ने
- सदस्यता वितरण गर्दा बालविवाह नगर्ने शर्तमा वितरण गर्ने,
- नीति निर्माणमा मुद्धाको बहस गर्ने,
- सम्बन्धीत निकायमा सकारात्मक दवाब दिने,
- संगठित अपराधलाई निरुत्साहित गर्ने,

नोट: गाउँपालिकाले सर्वदलिय भेला गरी दलहरुकै उपस्थितिमा उक्त प्रस्ताव पारित गर्नुपर्ने छ।

१.६ प्रहरी प्रशासन

- उजुरी दिनमा सहजीकरण गर्ने,
- उजुरी लिने,
- मुद्दाको प्रक्रिया अगाडि बढाउने,
- मुद्दाको फैसला चाँडो गरी समयमै न्याय दिने

१.१० वडा कार्यालयहरु

- न्यायिक निरुपणको वातावरण बनाउने,
- संगठित रुपमा प्रतिरोध गर्ने,
- उजुरी सुन्ने र अघि बढाउने,
- कानुनी उपचारमा सहजीकरण गर्ने,
- नितिगत निर्णय गरी कडाइका साथ लागु गर्ने,
- आफ्नो वडामा बालविवाह अन्त्यका लागि छलफल चलाउने
- कुन घरमा बालविवाह हुँदै छ आमा समुह, महिला संजाल, महिला तथा बालबालिका अधिकार डेस्क, टोल सुधार समितिसँग मिलेर निगरानी बढाउने ।

१४ दहेजप्रथाको अन्त्य

यस गाउँपालिकाभित्र दहेजप्रथा एउटा समस्याका रुपमा रहेको छ । सिंगो मधेस दहेजप्रथाले गाँजिएको छ । दहेजप्रथाको उन्मुलन गरि नमुना गाउँपालिका बनाउने यस गाउँपालिकाको ध्येय छ । **यस गाउँपालिकाले** तीन वर्षभित्रमा दहेज प्रथाको अन्त्य गर्ने प्रस्ताव अगाडि सारेको छ ।

**दहेजप्रथाको मुल कारणहरुनिम्नलिखित ठहराइएको छ :-**

- छोरामा भएको लगानी उठाउने प्रवृति
- शिक्षालाईभन्दा सम्पतिलाई मान्यता दिने सामाजिक सोचाइ
- जनजागरणको कमी
- इज्जत र प्रतिष्ठाको सवाल
- हानीकारक रुढीवादी परम्परा, संस्कार
- लिङ्गको आधारमा असमानता

अभिभावकहरुलाई सचेत गराउनु । असल अभिभावकको भूमिका निर्वाह गर्न उत्प्रेरित गराउनु । आ आफैबाट दहेजप्रथा विरुद्धको अभियानको थालनी गर्न प्रोत्साहन गर्ने ।

७ **नागरिक समाज** दहेजप्रथाबाट पर्ने प्रभावहरु बारे जागरण कार्यक्रम सञ्चालन गरी नागरिक कर्तव्य बोध गराउने ।

८ **सञ्चार माध्यमहरु** – दहेजप्रथा विरुद्ध विभिन्न सूचनाहरु सम्प्रेषण गरी सहयोग गर्नु । दहेजप्रथाको प्रभाव र असरबारे सामग्रीहरु उत्पादन गर्ने र प्रसार गर्ने । यस्तो क्रियाकलापमा सञ्चारमाध्यमहरुलाई गाउँपालिका र संघसस्थाले सहजीकरण गर्ने छन ।

९ **महिला संजाल:**महिला संजालले वकालत गर्नेछ र महिला अधिकार डेस्कले विशेष निगरानी र पैरवी, तथा गाउँपालिका संग नियमित बहस र छलफल गर्नेछ ।

१० उमेर पुगेको प्रेम विवाहलाई स्वीकार गर्ने वातावरण तयार पार्न गाउँपालिकाले सरोकारवालाहरु परिचालन गर्ने छ ।

११ स्थानीय पाठ्यक्रममा दहेजप्रथाको समस्याको कारण, र असर समावेश गर्ने ।

१२ वडास्तरीय प्रशिक्षण शिविर अर्थात जागरण शिविर प्रत्येक वर्ष सञ्चालन गरिने छ ।

१३ गाउँपालिका मुख्य केन्द्रमा दहेजप्रथा विरुद्ध भित्ते चित्र वा होडिङ बोर्ड राखिने छ ।

१४ महिला अधिकार डेस्कले त्रैमासिक रुपमा समिक्षा प्रतिवेदन गाउँपालिकालाई बुझाउनुपर्ने छ ।वडा अध्यक्ष, महिला तथा बाल अधिकार डेस्कका प्रतिनिधि तथा दहेजनियन्त्रण समितिले आवश्यक समन्वयन गर्ने छन ।

## १५ आइ खस्ने समस्या

नीति तथा गुरु योजना निर्माण गोष्ठिले यस गाउँपालिका भित्र आङ खस्ने सवाल पनि एक प्रमुख समस्याको रुपमा पहिचान गऱ्यो र आङ खस्नेको कारण के हो र आगामी दिनमा आङ खस्ने समस्या समाधानका लागि लिनुपर्ने बाटो के हो प्रस्ताव गरेको छ । जो निम्नानुसार छ-

**आङ खस्ने समस्याका कारणहरु**

- बालविवाह गर्नु ।
- कम उमेरमा बच्चा जन्माउनु ।
- बर्षेनि रुपमा धेरै बच्चा जन्माउनु ।
- गर्भवति तथा सुत्केरी अवस्थामा आराम, स्याहार, पोषिलो खानाको कमी तथा कामको बोझ बढी हुनु
- कुपोषण हुनु ।
- दक्ष स्वास्थ्यकर्मीद्वारा सुत्केरी गराउने पहुच नहुनु ।

- लैंगिक विभेद हुनु वा महिला भएकै कारणले धेरै प्रकारको विभेद गर्नु
- सुत्केरी अवस्थामै यौन सम्पर्क राख्नु ।
- गर्भवती तथा सुत्केरी अवस्थामा पेटमा बल दिने काम गरेमा ।
- गर्भवस्थामा बारम्बार खोकी लाग्नु र कब्जियत हुनु ।
- असुरक्षित गर्भपतन गराउनु ।
- दक्ष स्वास्थ्यकर्मीद्धारा सुत्केरी गर्ने अवसर नहुनु ।
- लैंगिक विभेद हुनु ।
- सुत्केरी अवस्थामै यौन सम्पर्क राख्नु ।
- गर्भावस्थामा बारम्बार खोकी लाग्नु र कब्जियत हुनु ।
- गर्भवती तथा सुत्केरी अवस्थामा पेटमा बल दिने काम गरेमा ।
- गर्भ अवस्थामा बारम्बार खोकी लाग्नु र कब्जियत हुनु ।
- एस्ट्रोजन हर्मोनको कमीले मांसपेशी कमजोर हुनु ।

सरोकारवालाहरु

१) वडा कार्यालय स्वास्थ्य चौकी

२) स्वास्थ्य संस्था

३) विद्यालय

४) महिला स्वास्थ्य स्वयमसेविका/आमा समूह

५) घरपरिवारका सदस्यहरु

६) गैसस

७) गाउँ पालिका

८) महिला संजाल, महिला तथा बाल अधिकार डेस्क

९) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा

१०) स्वास्थ्य शाखा

११) शिक्षा शाखा

सरोकारवाला र भूमिका

यस गाउँपालिकाले आङ खस्ने समास्या समाधानका लागि निम्न सरोकारवालाहरुको किटान गरेको छ र पहिचान गरेको छ । दुई वर्षभित्र यस गाउँपालिकाले आङ खस्ने समस्याको समाधान गर्ने लक्ष लिएको छ, जो तल प्रस्तुत गरिएको छ ।

१) गा.पा./वडा कार्यालय :

- आङ खस्ने सवालमा बजेट विनियोजन गर्ने ।
- प्रजनन स्वास्थ्य आङ खस्ने समस्या सम्बन्धि स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

४) **गैरसरकारी संस्था/स्थानीय क्लव :**

- जनचेतनामूलक कार्यक्रम गर्ने ।
- उपायहरुको बारेमा वोकालत गर्ने ।
- स्थानीय पाठ्यक्रममा आड खस्ने समस्याको कारण, प्रभाव र असर समावेस गर्ने ।

४) **महिला स्वास्थ्य स्वयमसेविका/आमा समूह :**

- आङ खस्ने कारण रसमस्याबारे सचेत गराउने ।
- महिला, किशोरीलाई रोकथाम र उपचारको बारेमा जानकारी दिने ।
- परामर्श प्रदान गर्ने ।
- स्वास्थ्य संस्थामा जानकारी दिने ।
- गर्भवती, सुत्केरी, महिला तथा आमा समूहलाई आड खस्ने समस्या, कारण र परिणाम बारे पर्याप्त र नियमित छलफल गर्ने (विशेष गर्भवती, सुत्केरी, नवविवाहित जोडी, आड खसेका महिला, महिला समुह, संजाल) ।
- आड खसेको महिलाको तथ्याङ्क र विवरण लिइ स्वास्थ्य संस्थामा पेश गर्ने
- आड खसेको महिलालाई परामर्श गर्ने, सही समाधानको बाटो खोज्न

५) **घरपरिवारका सदस्यहरु :**

- पोषिलो खाना खुवाउने ।
- गह्रौ काम नलगाउने ।
- सुत्केरी अवस्थामा आराम गर्न दिने ।
- स्वास्थ्य संस्थामा सुत्केरी गराउन आवश्यक तयारी गर्ने र सुत्केरी हुन लैजाने ।
- आड खसेको महिलालाइ उपचारमा पठाउने
- घरायसी काममा श्रीमान, पुरुषले जिम्मेवारी लिने वा कामको बाँडफाँड गर्ने
- बाल विवाह नगराउने ।
- धेरै बच्चा वा छोरा नै जन्माउनको लागि कर नगर्ने ।
- गर्भवती र सुत्केरीलाइ पर्याप्त पोषिलो खाना र आराम गर्ने समय दिने
- नियमित गर्भवती र सुत्केरी जाँच गर्न श्रीमान वा सासु सगै जाने
- छोरीलाइ विद्यालय पठाउन, घरमा पढ्न समय दिने, बाल विवाह नगराउने ।
- प्रजनन स्वास्थ्य समस्या बारे खुलेर कुरा गर्ने र समाधानको बाटो खोज्ने
-

६) गैसस

- शल्यक्रिया उपचार प्रदान गर्ने संस्थासग समन्वय गरी स्वास्थ्य संस्था मार्फत सेवाग्राहीलाई सम्पर्क गर्ने गराउने ।
- जनजागरणमूलक कार्यक्रम (सडक नाटक, F.M.) संचालन गर्ने ।
- दक्ष जनशक्ति (स्वास्थ्य कर्मी) बनाउन तालिम सञ्चालन गर्ने ।
- शल्यक्रिया गर्नु पर्ने व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने ।
- स्वास्थ्य संस्थामा संस्थाआवश्यक अनुसार रिंग पेसरीउपलब्धगर्नु ।
- रोकथाममुलक कार्यलाई प्राथमिकतामा राखि कार्यक्रम योजना निर्माण गर्ने ।
- गैसस संग सहकार्य गरी रोकथाममुलक कार्यक्रम संचालन गर्ने ।

२) **स्वास्थ्य संस्था :**

- स्वास्थ्य संस्थामा सुत्केरी गराउन उत्प्रेरित गराउने ।
- आवश्यकता र दुरी हेरी प्रसुती केन्द्र स्थापना गर्ने ।
- आङ खस्ने समस्या सम्बन्धि नियमित स्वास्थ्य शिक्षा र आवश्यक परामर्श गर्ने ।
- पाठेघरको खसेको निदान गर्ने, पाठेघरको खसेका चरण पत्ता लगाई वा पहिचान गरी चरण अनुसारको समाधान बारे जानकारी तथा उपयुक्त सेवा दिने वा उपचारको लागि सम्बन्धित निकायमा प्रेषणगरिदने । क्लिनिकन रिङ पेसरी राख्ने सेवास्वास्थ्य संस्थाबाट नि:शुल्क सेवा प्रदान गर्ने
- HMIS 9.3मा आङ खस्ने समस्या र यसको चरणको अभिलेख राख्ने
- गर्भावस्थामा जाँच र स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गराउने ।
- पोषणको महत्व बारे बताउने ।

३)**विद्यालय/शिक्षा शाखा**

- सानै उमेरमा बिहे गरी बच्चा नजन्माउने सम्बन्धि बाल बालिकालाई किर्शोको शिक्षा दिने
- वकालत पैरवी गर्ने ।
- किशोकी यौन तथा प्रजनन स्वास्थ्य बारे नियमित पढाउने र खुलेर कुरा गर्ने प्रोत्साहन गर्ने
- स्थानीय पाठ्यक्रममा आङ खस्ने समस्याको कारण, प्रभाव र असर समावेश गरी अध्यापन गर्ने ।
- छात्राहरुलाई विद्यालय, शिक्षामा विशेष जोड दिइने छ ।
- विद्यालयका अतिरिक्त क्रियाकलापहरुमा दाइजो प्रथाले समाजमा पारेको नकारात्मक असर प्रभाव बारे कार्यक्रमहरु संचालन गर्ने छ ।

- समुदायमा महिला, पुरुष, किशोर, किशोरीहरुले आड खस्ने समस्या, कारण र परिणाम बारे पर्याप्त र नियमित छलफल गर्ने (विशेष गर्भवती, सुत्केरी, नवविवाहित जोडी, आड खसेका महिला, महिला समूह, संजाल)
- सरकार र दातृ निकाय र अन्य सरोकारवाला संग आड खस्ने समस्याको बृहत व्यवस्थापनमा सम्बोधन गर्नको लागि पैरवी, बकालत गर्ने
- लैङ्गिक समानता, महिला अधिकार, महिला हिंसा, प्रजनन स्वास्थ्य र अधिकार जस्ता तालिममा आड खस्ने सवाल समावेश गर्ने ।
- स्थानीय सरकार संगको समन्वय र सहकार्यमा कार्यक्रम संचालन गर्ने
- आड खस्ने सवालमा कार्यक्रम संचालनको लागि श्रोत जुटाउने
- आड खस्ने समस्या, कारण र परिणाम बारे संचारकर्मीहरुलाई अभिमुखिकरण र प्रचार प्रसार गर्न प्रोत्साहन गर्ने

७) गाउँपालिका

- विपन्न सुत्केरीलाइ पोषण खर्च प्रदान गर्ने
- आड खस्ने समस्याको रोकथाम र उपचारको लागि श्रोत बिनियोजन गर्ने
- आड खस्ने समस्याको छनौट सिवीर स्वास्थ्य शाखा मार्फत संचालन गर्ने

**८) महिला संजाल, महिला तथा बालअधिकार डेस्क**

- सुत्केरीलाइ आराम चाहिने र पोषण खर्च दिने बारे गाउ पालिका संग पैरवी र बकालत गर्ने
- महिला अधिकारको दृष्टिकोणले आड खस्ने सवालमा संचालित कार्यक्रमहरुको नियमित अनुगमन र मुल्याङ्कन गर्ने
- आड खस्ने समस्या प्रजनन स्वास्थ्य अधिकार हनन भएको परिणाम भएकोले यो समस्याको बृहत व्यवस्थापनको लागि पैरवी /बकालत गर्ने
- महिला संजालले समाजमा छलफल बहस गर्ने, सोकारवालाहरुलाई आवश्यक दवाव दिने काम गर्ने
- महिला तथा बाल अधिकार डेस्कले दाइजो प्रथा अन्यका लागि अभियान संचालनका लागि स्रोतसाधन छुट्याउन गापालाई पहल गर्ने, अन्य सरोकारवाला संग महिला तथा बाल अधिकार डेस्कलाई परिचालन गर्ने

**९)महिला, बालबालिका तथा जेष्ठनागरिक शाखा**

- आड खस्ने समस्या प्रजनन स्वास्थ्य अधिकार हनन भएको परिणाम भएकोले यो समस्याको बृहत व्यवस्थापनको लागि पैरवी /बकालत गर्ने
- लैङ्गिक विभेदको तालिममा आड खस्ने सवालको विषयवस्तुलाई पनि समावेश गर्ने ।
- पुरुषहरुलाइ लैङ्गिक समानताको शिक्षा प्रदान गर्ने
- किशोरी शिक्षामा आड खस्ने सवालमा छलफल गर्ने
- महिला समूह संजालमा आड खस्ने सवालमा छलफल गर्ने
- महिला तथा बालबालिका शाखाले विद्यालय बाहिरका किशोरीहरुका लागि प्राविधिक शिक्षा तथा किशोरी शिक्षाको व्यवस्था गर्नेछ । आवश्यक स्रोत गापाले व्यवस्थापन गर्ने छ ।

यस पालिकाले केही ठोस निर्णयहरु गर्भवती र सुत्केरी अवस्थाबारे माथिल्लो खण्डमा गरेको छ । यस खण्डमा अहिले गर्भवती र सुत्केरी महिलाका अफठेराहरु के हुन् ? ती अफठेराका कारण के हुन् ? अफठ्याराहरु हटाउनका लागि सरोकारवाला को को हुन् ? सरोकारवालाको भूमिका के हो यस खण्डमा प्रस्तुत गरिएको छ ।

**अवस्था र कारण :**

- समयमै चेक जाँच गराउन नजानु ।
- गर्भावस्थामा पोषण युक्त खानाको अभाव ।
- अनावश्यक गर्भ पतन ।
- सुत्केरी स्याहारमा कमी ।
- स्वास्थ्य संस्थामा सुत्केरी नगराउनु ।
- सुत्केरी अवस्थामा पोषण युक्त खानाको अभाव ।
- सुत्केरी अवस्थामा कार्य बोझ आइ खस्ने समस्या ।
- परिवार नियोजनमा पहुँच कम भएको ।

**सरोकारवाला :**

- घर परिवार
- महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह
- स्वास्थ्य संस्था
- वडा कार्यालय
- गाउँपालिका
- संघ संस्था
- गा.पा.मा रहेका सम्बन्धित शाखा
- प्रहरी प्रशासन

**सरोकारवाला र भूमिका :**

१. घरपरिवार :

- घर परिवारले समय समयमै गर्भवती जाँच गराउने, श्रीमानले स्वास्थ्य संस्थामा लैजाने ।
- घर परिवारले सुत्केरी गराउन स्वास्थ्य संस्थामा लिएर जाने ।
- पोषिलो खाना र आराम स्याहारको व्यवस्था गर्ने ।
- गर्भवतीको कार्य बोझको कम गरी अरु सदस्यले जिम्मेवारी लिने ।
- लिंग पहिचान गरी गर्भपात नगराउने ।
- परिवार नियोजनको साधन पुरुषले पनि प्रयोग गर्ने ।
- महिला मैत्री परिवार बनाउने ।

- दाइजो प्रथा विरुद्ध जनजागरण अभियान संचालन गर्ने
- कानुनी कार्वाहीका लागि समन्वय गर्ने

१०) **स्वास्थ्य शाखा**

- आङ खस्ने सवालको बारेमा जानकारी प्रदान गर्न विभिन्न शिक्षामुलक सामग्रीहरुको निर्माण गर्ने
- रोकथाममूलक र उपचारात्मक पक्षमा जनजागरण अभियान सचालन गर्ने
- सिलिकन रिङ पेसरीको श्रोत विनियोजन गरि स्थानिय स्वास्थ्य संस्थाबाट निःशुल्क सेवा प्रदान गर्ने
- उपचारको लागि सम्बन्धित संस्था संग समन्वय गर्ने
- रिङ पेसरी राख्ने शिप बढाउन स्वास्थ्यकर्मीलाई तालिम प्रदान गर्ने
- स्वास्थ्यको कर्मचारीहरुको स्तरवृदि गर्ने
- स्वास्थ्यको उत्कृस्ट कर्मचारीहरुमा पुरस्कारको व्यवस्था गर्ने

११)**शिक्षा शाखा**

- आङ खस्ने सवाल सर्म्बान्धित यौन तथा प्रजनन स्वास्थ्य पाठ्यक्रममा समावेश गर्ने

  किशोरीलाई बाल विवाह हुन नदिन छात्रा मैत्री विद्यालय बनाइ छात्राको टिकाउ दर बढाउने

**ठोस निर्णयहरु**

यस गाउँपालिकाले आङ खस्ने समस्या समाधानका लागि निम्नलिखित ठोस प्रस्ताव र निर्णयहरु गरेको छ ।

१. आषाढ मसान्त भित्रमा रिंग पेसरी राख्ने तालिमको लागि दक्ष जनशक्ति उपलब्ध हुनेछ । यस काममासंघसंस्था संग सहकार्य गर्नेछ ।

२. प्रत्येक वर्ष वडाको योजनाबाट रु. २०,००० रिंग पेसरीको लागि प्रत्येक स्वास्थ्य संस्थामा छुट्याइने छ ।

३. शल्यक्रिया उपचार प्रदान गर्ने संस्थासंग समन्वय गरी स्वास्थ्य संस्था मार्फत सेवाग्राहीलाई सम्पर्क गर्ने गराउने ।

४. आ.व.२०८२/०८३ देखि पाठेघर शैल्यक्रियाको लागि रु. ६००० प्रति सेवाग्राहीलाई गा.पा.ले उपलब्ध गराउने । नेपाल सरकारले तोकिएको अस्पताल वा स्वास्थ्य संस्थाबाट सेवा लिएको खण्डमा मात्र उक्त रकम उपलब्ध गराउने छ ।

५. वर्षमा एक पटक आङ खसेका महिलाका छनौट शिविर संचालन गरिने छ ।

६. महिला तथा बालअधिकार डेस्कले योजना, कार्यान्वयन र मूल्यांकन तथा अनुगमनमा बिशेष जिम्मेवारी लिनेछ । यो डेस्कलाई गापाले स्रोतसाधन सम्पन्न बनाउने छ ।

७. बर्थिङ सेन्टरमा सुत्केरी जाँच घरमै गएर गर्नुपर्ने छ ।

८. रोकथाममुलक कार्यलाई प्राथमिकतामा राखि कार्यक्रम योजना निर्माण गर्ने ।

९. गैसस संग सहकार्य गरी रोकथाममुलक कार्यक्रम संचालन गर्ने

१६ गर्भवती सुत्केरी महिला मैत्री

उषा देवी सौलदे वी

२. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह :

- वडा भित्रका सम्पूर्ण गर्भवती र सुत्केरी महिलालाई चेक जाँचका लागि स्वास्थ्य संस्थामा पठाउने र सल्लाह दिने ।
- आमा समूहको बैठकमा गर्भवती र सुत्केरीको बारेमा छलफल गर्ने ।
- आमा समूहको मासिक नियमित बैठक गर्ने ।
- आमा समूहका बैठकबाट छलफल गरी आएका कुराहरुलाई स्वास्थ्य संस्थामा पेश गर्ने ।
- गर्भवती र सुत्केरीलाई चेक जाँचका लागि गाउँ घर क्लीनिकमा पठाउने ।

३. स्वास्थ्य संस्था :

- स्वास्थ्य जाँचका लागि आएका गर्भवती सुत्केरी महिलाहरुलाई समयमै जाँच गर्ने ।
- आइरन चक्की र क्यालसियम जस्ता आवश्यक औषधीहरु प्रोटोकल अनुसार नियमित रुपमा दिने ।
- स्वास्थ्य शिक्षा दिने ।
- गर्भवती तथा सुत्केरी संग परामर्श प्रदान गर्ने ।
- सुत्केरी महिलाहरुलाई परिवार नियोजनको परामर्श प्रदान गर्ने ।
- सुत्केरी आमालाई स्तनपानको लागि आवश्यक कोठाको व्यवस्था गर्ने ।
- बर्थिंग सेन्टरमा अक्सिजन र सक्शन मेशिनको व्यवस्था गर्ने ।

४. वडा कार्यालय

- महिलाको गुनासो र सुझाव सुन्ने ।
- योजना बनाउँदा महिलाको सवाललाई प्राथमिकीकरण आधारमा राख्ने ।
- महिला कार्यक्रममा आवश्यक बजेट विनियोजन गर्ने ।
- स्तनपान कक्षको व्यवस्था गर्ने ।
- महिलाका लागि बनाएका कार्यक्रमलाई सार्वजनिकीकरण गर्ने ।
- महिला सजालको संगठनको दर्ता गर्ने ।

५. गा.पा.को भूमिका :

- वडा कार्यालयबाट महिला केन्द्रित बजेट तथा योजनालाई प्राथमिकीकरण गर्ने ।
- आएका गुनासोलाई समयमै निराकरण गर्ने ।
- स्तनपान कक्षको व्यवस्था गर्ने ।

उषा देवी सौलदेवी

उषा देवी
सौलदेवी

- शारीरिक परिवर्तन, भावनात्मक परिवर्तन, मनोवैज्ञानिक, सामाजिक परिवर्तनलाई अभिभावक शिक्षक, समुदाय, स्वास्थ्यकर्मीले सन्दर्भ र गम्भीरता नबुझ्नु
- मनोरञ्जनको अभाव ।
- प्रजनन स्वास्थ्य सम्बन्धि ज्ञानको अभाव ।
- लैंगिक हिंसा सम्बन्धि जानकारी नहुनु ।
- पितृसत्तात्मक सोच ।

**माथिका समस्या समाधान गर्न मुख्य भुमिका गाउँपालिकाको रहनेछ गाउँपालिकाले वडा कार्यलय,महिला तथा बालबालिका शाखा, शिक्षा शाखा, महिला तथा बालअधिकार डेस्क, सामाजिक अगुवा, संघ संस्था, नागरिक समाज संग समन्वय गरी परिचालन गर्नेछ ।**

**समाधानका उपाय र ठोस निर्णय**

- एक विद्यालय एक नर्सको पहल हुनेछ ।
- गा.पा. को सबै विद्यालय किशोरी मैत्री शौचालय १ वर्ष भित्र हुनेछ ।
- एक वर्ष भित्र एक विद्यालय एक नर्स लागु गरिनेछ ।
- यो २ महिना भित्र सबै विद्यालयहरुमा एक एक incinerator हुनेछ ।
- स्वास्थ्य संस्थाले प्रत्येक विद्यालयमा आइरन चक्की र जुकाको औषधी किशोरीहरुको लागि प्रदान गरिने छ ।
- दुई वर्षभित्रमा गापा, वडा कार्यालय, स्वाथ्य संस्थामा किशोरी मैत्री स्वाथ्य संस्था बनाइने छ । सबै कार्यालयमा महिला तथा किशोरी मैत्री शौचालय र स्तनपान कक्ष बन्ने छन, जसमा ३२ वटा स्तनपान कक्ष र ३२ वटा किशोरीमैत्री शौचालय बन्ने छन ।
- माध्यमिक विद्यालयमा महिनावारी हुँदा गाह्रो भएको समयमा आराम गर्न एउटा आराम कक्ष निर्माण हुने छ । जसले गर्दा केही समय आराम गरेर फेरी आफ्नो कक्षामा फर्किन सक्नेछन् ।
- छोरीलाई पनि छोरा सरह अधिकार दिनुपर्दछ ।
- छोरीलाई छोरा सरह सम्मानजनक शिक्षा दिनुपर्दछ ।
- समाजमा खुलेर स्वास्थ्य समस्या राख्नु पर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- छोरीहरुलाई महिनावारीको व्यवस्थापन गर्न आमा बुवाले शिक्षा दिने र राम्रो व्यवस्थापन गर्नुपर्दछ ।
- विद्यालय छात्राहरुलाई महिनावारीको व्यवस्थापनको शिक्षा दिने र राम्रो व्यवस्थापन गर्नुपर्दछ ।
- छोरीहरुलाई महिनावारी हुने हुँदा रगतमा रगतको कमी हुने हुँदा छोरीलाई प्रसस्त मात्रामा पोषणयुक्त खाने कुराको व्यवस्था गर्नुपर्दछ ।
- बालिका, किशोरी मैत्री घर, विद्यालय, स्वास्थ्य संस्थामा, सार्वजनिक ठाउँमा शौचालयको व्यवस्था गर्नुपर्दछ ।
- बालिका, किशोरी मैत्री घरको व्यवस्था गर्नुपर्दछ ।

उषा देवी
सौलदेवी

उषा देवी

सौलदेवी

- सुत्केरी गर्भवती महिलाका लागि पौष्टिक आहार कार्यक्रमलाई निरन्तरता दिने ।
- सुत्केरी महिलाको लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गर्ने ।
- महिला मैत्री कार्यालय बनाउने । जस्तै शौचालय, सनेटरी प्याडको उपलब्धता यौन दुव्र्यवहार रहित बनाउने आदि ।

६. संघसंस्था :

- महिलाको सवाल तथा गर्भवती महिलालाई पौष्टिक आहारको बारेमा जनजागरण कार्यक्रम गर्ने ।
- स्वास्थ्य संस्थामा महिला मैत्री सेवा प्रदान भए नभएको जानकारी गा.पा लाई दिने ।
- गा.पा. स्तरमा रहेका संघ संस्थाहरु महिला मैत्री बनाउने । जस्तै शौचालय, सेनेटरी प्याड, यौन दुव्र्यवहार रहित ।

१७ किशोरी शसक्तिकरण

किशोरी मैत्री समाज र संरचना नहुनु

यस गाउँपालिकाले अहिलेको समाज, सामाजिक संरचना किशोरी मैत्री नहुनुलाई एउटा ठूलो समस्याका रुपमा लिएको छ । विद्यालय, स्वास्थ्य संस्थाहरु किशोरी मैत्री नहुँदा शिक्षा र स्वास्थ्य अधिकारबाट उनीहरु बञ्चित हुनुपर्ने स्थिति छ । घर, समाज, स्वास्थ्य संस्था, स्कुलहरुलाई कसरी किशोरी मैत्री बनाउने यस खण्डमा प्रस्ताव गरिएको छ । किशोरीका समस्या के हुन् ? किन हाम्रो समाज, सामाजिक संरचना किशोरी मैत्री छैनन् खोजविन गरी स्थानीय यथार्थमा के गर्न सकिन्छ भन्ने यस खण्डमा ठोस योजना प्रस्तुत गरिएको छ ।

कारणहरु

- छोरा र छोरीमा विभेद।
- अभिभावकमा जानकारीको कमी ।
- स्वास्थ्य सेवामा पहुँचको कमी ।
- किशोरीहरुको हकमा गोपनियताको अभाव ।
- महिनावारी व्यवस्थापनको समस्या ।
- विद्यालय, स्वास्थ्य संस्था, पालिका, वडा कार्यालयमा महिला तथा किशोरी मैत्री शौचालयको अभाव ।
- किशोरी मैत्री घरको व्यवस्थापनमा अविभावकको चासो कम ।
- किशोरी मैत्री खेलकुदको अभाव ।
- हानीकारक, रुढीवादी परम्परा ।
- किशोरीहरुलाई खुलेर कुरा गर्ने वातावरण नहुनु ।
- आत्मरक्षा सीपको अभाव । प्रतिकारात्मक क्षमताको अभाव ।

उषा देवी

सौलदेवी

- दहजप्रथा ।
- घरायसी निर्णयमा महिलासंग छलफल नगर्नेमहिलामाथि रिस पोख्ने
- महिलालाई गिज्याउने
- पुरुषले घरायसी काम नगर्ने
- जाँडरक्सी खाएर खप्काइदप्काइ गर्ने
- महिलाको कुरा नसुन्ने
- असमान ज्याला

**सरोकारवालहरुको भूमिका**

महिला हिंशाको स्वरुप र कारणहरु माथि उल्लेख गरियो । तल महिला हिंशा अन्त्य गर्नका लागि सरोकारवालाहरुका भूमिका प्रस्तुत गरिएको छ ।

**आफै**

- पीडित स्वय अन्याय सहेर नबस्नेअन्यको आवश्यक सहयोग लिने
- सम्बन्धित निकायमा उजुरी दिने सकारात्मक जिवन बाँच्ने

**घरपरिवार**

- परिवारका सदस्यहरु बिच समान र सम्मान जनक व्यवहार गर्ने
- जिम्मेवारी बाडफाड गर्ने
- परिवारमा प्रभावकारी सञ्चारको वातावरण बनाउने
- महिला तथा बालिका भएकै कारणले कुनै प्रकारको असमान व्यवहार नगर्ने
- सहयोगीहरुले सहजिकरण गर्ने
- सहयोगीहरुले उजुरी दिन सहजिकरण गर्ने
- 
- सामाजिकको अगुवाको भूमिकासामाजिक संस्कारलाई सकारात्मक परिवर्तनमा जोड दिने
- सामाजिक अपराधलाई दण्डित गर्ने
- महिलालाई दोस्रो दर्जाको रुपमा हेर्ने मानसिकतामा परिवर्तन गर्ने
- पुरुषवादी सोचमा परिवर्तन ल्याउने
- सामाजिक संरचना महिला मैत्री बनाउन भूमिका ख

**महिला सञ्जाल/आमा समूह/प्रस्तावित महिला तथा बालअधिकार डेस्क**

- हिंसा विरुद्ध जागरण फैलाउने
- हिंसाको निगरानी गर्ने
- पिडीतलाई परामर्श प्रदान गर्ने ।
- पिडीत र पिडकलाई सम्बन्धित निकाय सम्म पुर्याउन सहयोग गर्ने
- हिंसा विरुद्ध वकालत पैरवी गर्ने
- हिंसा विरुद्ध जागरण फैलाउन गाउपालिका सग श्रोत विनियोजन गन पैरवी गर्ने

- बालिका, किशोरीलाई छोरा सरह घरमा, विद्यालयमा उपयुक्त खेल सामाग्री सहित खेलकुदको व्यवस्था गर्नुपर्दछ।
- छोरीहरुलाई समाजमा छोरा सरह खुलेर कुरा गर्न व्यवस्थापन मिलाउनु पर्दछ ।
- आत्मरक्षा र शिपको अभाव हुने हुँदा छोरीलाई आफ्नो सुरक्षाको लागि तालिम गोष्ठी र शिपमुलक तालिमको व्यवस्था गर्नुपर्दछ ।
- छोरीहरुको शारीरिक परिवर्तन हुने हुँदा त्यस बेला उनीहरुलाई त्यस अनुसारको लगाउने लुगा कपडा र मानसिक तनाव हुन नदिने कुराकानी गर्नुपर्दछ।
- मनोरंजनको लागि छोरीलाई छोरा सरह विद्यालय, घर, सिनेमाहल र अन्य ठाउँमा पनि सहभागिता गराउनुपर्दछ ।
- छोरीहरुलाई मनोवैज्ञानिक समस्या हुन नदिन कुनै पनि दवाव दिएर गर्न लगाउनु हुँदैन ।
- छोरीलाई समाजमा गलत हिसाव तथा नकारात्मक व्यवहार हुने हुँदा त्यस्तो वातावरण हटाउनुपर्दछ
- जन्मदर्ता छोरीलाई समयमै गर्नुपर्दछ ।
- छोरीलाई प्रजनन् समस्या हुने हुँदा त्यो समस्या समाधान गर्नुपर्दछ ।
- केटा, पुरुषलाई लैगिंक समानता, बालिका, किशोरी मैत्री वातावरण तयार गर्ने शिक्षा प्रदान गर्नु पर्नेछ ।

## १८. महिला हिंसा

यस गाउँपालिकाले महिला हिंसालाई पनि यस गाउँपालिकाको समस्याको रुपमा हेरी प्राथमिकतामा राखेको छ। महिला हिंशाको अहिलेको स्वरुप कारणहरुसरोकारवालहरुको भूमिका सम्वन्धि तल प्रस्तुत गरिएको छ ।

**महिला हिंसाका कारणहरु**

- ✓ महिलालाई पुरुषसरह समान व्यवहार नगर्ने
- ✓ गालिगलौज गर्ने
- ✓ कुटपिट गर्ने
- ✓ इज्जत नगर्ने
- ✓ महिलाहरुको आरक्षण अधिकार सिमित हुनु ।
- ✓ यौन हिंसामा पर्नु ।
- ✓ महिलाको कामको मूल्याकन नहुनु
- ✓ निर्णयको अधिकार नहुनु ।
- ✓ घरेलु हिंसामा पारिन्हनु ।
- ✓ सामाजिक हिंसा (बोक्सी) को आरोप लगाउन ।
- ✓ आर्थिक कारोबारमा समावेश नगराउन ।
- ✓ विकास कार्यमा पुरुषले एकल नेतृत्व कायम गर्नु ।
- ✓ महिलाको नाममा सम्पत्ति (घर, जग्गा, वस्तुभाव) दर्ता नगर्नु ।

उषा देवी
सौलक्ष्मी

१५ विद्यालय

- लैङ्गिकमैत्री वातावरण विद्यालय बनाउने
- हिंसा विरुद्ध अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने (वाद विवाद, सडक नाटक र वक्तृत्वकला)
- कार्यक्रमहरुमा छात्राको समान सहभागि कायम गर्ने
- भौतिक संरचना महिला, किशोरी मैत्रि बनाउने
- महिला, बालिका, किशोरी मैत्री पाठ्यक्रम निर्माण गर्ने
- महिला, बालिका, किशोरी मैत्री शौचालय बनाउने
- यौन दुर्व्यवहार नगर्ने
- यौन दुर्व्यवहार, लैंगिक समानता, सम्मान सम्बन्धि छात्रा, छात्र, शिक्षकलाई नियमित शिक्षा दिने
- यौन दुर्व्यवहार, लैंगिक हिंसा गर्नेलाई सजायको व्यवस्था गर्ने
- हिंसामा परेको छात्रालाई परामर्श प्रदान गर्ने
-

१६ राजनीतिक दल

- आ-आफ्नो दलभित्र लैंगिक समानता गल्ने
- लैङ्गिक हिंसा विरुद्ध बहस गर्ने
- महिला मैत्री शौचालय बनाउने
- यौन दुर्व्यवहार नगर्ने
- यौन दुर्व्यवहार, लैंगिक समानता, सम्मान सम्बन्धि शिक्षा दिने
- यौन दुर्व्यवहार, लैंगिक हिंसा गर्नेलाई सजायको व्यवस्था गर्ने
- हिंसामा परेकालाई परामर्श प्रदान गर्ने
- राजनैतिककर्मीको भाषण, बोलि, व्यवहारमा लैंगिक संवेदनशिल हुने
- लैंगिक समानता नीति निर्माणमा सहयोग गर्ने
- दबाब दिने सचेनना फैलाउने
- महिलालाई दलको सबै तहमा समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेद सुनिश्चत गर्ने ।

१७ प्रहरी प्रशासन

- सहज रुपमा उजुरी सुन्ने र लिने
- कानुन पालना गर्न सिफारिस गर्नु
- पिडितलाई न्यायको लागि अनकुल वातावरण तयार गर्ने
- सुरक्षाको प्रत्याभुति गर्ने
- पिडकलाई कानुनी सजायको व्यवस्था गर्ने

१८ समूह, क्लब

- हिंसा विरुद्ध बहस पैरवी गर्ने

उषा देवी
सौलक्ष्मी

८। गाउँपालिकाको योजना, कार्यक्रममा महिला आरक्षण संख्या बढाउनुपर्ने। गाउँपालिकाले यौन हिंसा सम्बन्धि दण्ड सजाय (कडा) नीतिमा तोकी कार्यान्वयन गर्नुपर्ने।

९। घरेलु हिंसाको विरुद्धमा यस नीति तथा गुरुयोजनालाई सशक्त रुपमा कार्यान्वयन गर्ने। गाउँपालिका स्तरीय नीति निर्माण कार्यमा महिलाहरुलाई अग्र भूमिकामा राख्नुपर्ने।

**ठोस निर्णयहरु :**

- यस गाउँपालिकाभित्र महिला र पुरुषको समान कामको समान ज्यालाको व्यवस्था गरिनेछ। यदि समान काममा महिला पुरुषको ज्यालामा असमानता देखिए त्यो दण्डनीय हुने छ।
- गाउँपालिकाले कुनै पनि प्रकारको आवश्यकताको विज्ञापन गर्दा ४० प्रतिशत महिलाको विशेष अधिकार छुट्याइने छ।
- ६ महिनाभित्रमा महिला हिंसाको कारण, प्रभाव र असरबारे स्थानीय पाठ्यक्रममा समावेश गरिने छ।
- प्रत्येक स्वास्थ्य संस्थामा महिला, बालिका, किशोरीलाई छुट्टै कोठामा परिक्षण गर्ने व्यवस्था दुई वर्षभित्रमा मिलाइने छ।
- सरकारी कार्यालयका कर्मचारी र शिक्षक सबैलाई महिला मैत्री बन्न परिपत्र गरिने छ।

**१९. पोषणको वर्तमान अवस्था र समाधानका उपायहरु**

यस गाउँपालिकाको मूल नारा, प्रकृतिसंग सगै बाँची र प्रकृतितिर फर्की बन्ने रहेको छ। पोषणको समस्या समाधान नगरी स्वास्थ्यस्थितिमा सकारात्मक परिवर्तन नआउने सवाललाई ख्याल गरी पोषणको वर्तमान अवस्था, पोषण नपुग्नुका कारणहरु र आगामी बाटो के हुन सक्दछ तय गरेको छ र केही ठोस योजना निर्माण गरेको छ, जो तल प्रस्तुत गरिएको छ।

**पोषणको वर्तमान अवस्था/कारण**

- गरिबी
- स्थानीय उत्पादनलाई प्रयोगमा नगर्नु अर्थात हेला गर्नु
- बालबालिका जन्मेको ६ महिनापछिको थप आवश्यक खानाको बारेका आमालाई जानकारी नहुनु
- पोषणको जानकारीको कमी।
- मेहनत गर्ने बानी कम हुँदै गएकाले स्थानीय उत्पादनमा कमी।
- विषादीको बढी प्रयोग ।
- पोषणयुक्त तरकारीको बिउ, पशुपंक्षीमा सरकारी स्तरको अनुदान नहुनुले पोषणयुक्त खानेकुरा लोप हुँदै जानु।
- खाद्यान्नमा बजार निर्भर हुँदै जानु।
- स्थानीय रैथाने खाद्यबाली र खानपान लोप हुँदै जानु।
- विद्यालय तथा स्थानीय स्तरमा जंकफुडको बढी प्रयोग ।

- र्‍याली, पोष्टर अभियान संचालन गर्ने
- पिडकको सजायको माग गर्ने
- पिडितको पक्षमा पैरवी, वकालत गर्ने
- पिडितलाई आवश्यक सहयोग गर्ने

३९ वडा कार्यालयहरु

- नीति तथा कार्यक्रम बनाउने
- वडागत तथ्यांक गाउपालिकामा पेश गर्ने
- पिडितलाई न्यायको पहुँचमा सहयोग गर्ने
- पिडकलाई सजायको दायरामा ल्याउने भूमिका निभाउने
- अनुगमन गर्ने

३९ न्यायिक समिति

- उजुरी लिने
- पिडित र पिडकलाई छलफलमा बोलाउने र सहजीकरण गर्ने
- मामिलामा सम्बन्धित निकायमा सिफारिस गरिदिने

**गाउँपालिकाको भूमिका**

…अन्य सरोकारवालाहरुको भूमिका प्रस्तुत गरियो । बुँदागत रुपमा गाउपालिको भूमिका तल प्रस्तुत गरिएको छ ।

…महिला हिंसाको सवालमा महिला तथा बालबालिका शाखा, महिला सञ्जाल तथा प्रस्तावित महिला तथा …अधिकार हेर्नसक्ने आवश्यकता अनुसार लिखित रुपमा माग गरेको बजेट प्रदान गर्ने छ । यस योजना पारित …देखि यो प्रक्रिया सुरु हुने छ ।

…यस गुरुयोजना तथा नीतिलाई प्रभावकारी रुपमा लागु गर्ने ।

…एकवर्षभित्र लागु हुनेगरी महिला हिंसाका स्वरुप र सरोकारवालाको भूमिकासहित स्थानीय पाठ्यक्रम… …विष्ट गर्ने ।

…विभिन्न संघसंस्था सगको सहकार्यमा महिला हिंसा सम्बन्धि अध्ययन अनुसन्धान अगाडि बढाउने । यो प्रक्रिया …यस योजना तथा नीति लागु भएपछि सुरु गर्ने र निरन्तर गरिरहने ।

…गाउँपालिकालाई हिंसा रहित दृष्टिकोणबाट उदाहरणीय बनाउने ।

…समान कामको समान ज्यालाको नीति ल्याउने ।

- पशुपक्षीको स्थानीय नश्ल हराउँदै जानु ।
- आमा बुवालाई तीन वर्षमुनिका बालबालिकालाई आमाको दुधको महत्व तथा अन्य पौष्टिक आहार बारे जानकारी कम हुनुबालबालिकाले स्थानीय खानाको महत्वबारे बुझन नपाउनु ।

**समाधानका उपायहरु :**

१ ६ महिनाभित्र गा.पा.लाइ जैविक घोषणा गर्ने र जैविक गुरुयोजना बनाउने ।

२ सोझो र साना अनुदानको माध्यबाट एकघर एक करेसाबारीको व्यवस्थापन गर्ने । एक घर एक करेसाबारी, ५ थरी तरकारी ।

३ ६ प्रकारको फलफुल अनिवार्य प्रति घर लगाउने योजना बनाउने ।

४ पशुपालनको लागि किसान पहिचान गरी अनुदानको व्यवस्था गरिनेछ ।

५ करेसाबारी र पशुपालनका लागि साना किसानलाई अनुदान उपलब्ध गराउनुपर्ने छ ।

६ माछा, मासु (पशुजन्य पोषण) हाँस र कुखुरामा अनुदान दिने ।

७ कृषि तथा पोषण मेला व्यवस्थापन गरी किसानलाई प्रोत्साहन गर्ने ।

८ आफैउत्पादन गरी आफुआत्मनिर्भर हुने ।

९ गाउपालिकामा पत्रु खाना निषेधित गर्ने ।

१० प्रांगारिक, आर्गेनिक मलको लागि संघ संस्थाबाट वा पालिकाबाट लगानी गर्ने । (खाल्डे मल)

११ विद्यालयमा पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने । पत्रु खाजा निषेध गर्ने ।

**निर्णयहरु :**

१ यस गाउँपालिकाले ६ महिना भित्र जैविकगुरुयोजना बनाउने छ ।

२ यस गाउँपालिकाले अनुदानको कार्यविधि बनाइ एक घर एक गाइ भैसीको व्यवस्था गरिनेछ (उक्त अनुदान कार्यविधिमा माछा र मासुलाई पनि समेटिने छ ।

३ २ वर्ष भित्र एक घर एक आर्गानिक करेसाबारी हुनेछ ।

४ दुई वर्षभित्र प्रत्येक घर भित्र ६ वटा फलफुलका बिरुवा हुनेछ (जग्गा नभएको लागि यो नियम लागु हुने छैन) ।

५ यस पालिकाभित्र विद्यालयहरुको दिवा खाजामा जकफुड निर्षधित गरिएको छ र स्थानीय पोषणयुक्त खाना खुवाउने छ । गापास्थित शिक्षा शाखाभित्र स्थानीय रैथाने खानाका लागि सहजीकरण गर्ने छन । कुनै पनि विद्यालयले जकफुड खाना खुवाएमा दण्डनीय मानिने छ ।

६ सुत्केरीका लागि सुनौलो हजार दिन कार्यक्रलाई निरन्तरता दिइने छ ।

७ स्थानय उत्पादनलाई बजारीकरणको प्रबन्ध गरिने छ ।

८ सकेसम्म स्थानीय उत्पादन स्थानीय स्तरमै खाइन प्रबन्धका लागि सहजिकरण गरिने छ । आफ्ना पोषणयुक्त खानेकुरा अरुलाइ बिक्रि गरेर आफुले फाल्तुखाना खाना खाने प्रचलनलाई निरुत्साहित गरिने छ ।

फोहरमैला व्यवस्थापन :

- सार्वजनिक ठाउं स्थलको सरसफाइ गर्ने ।
- संगठित प्रयास गर्ने ।
- समुदायबाट निस्केका फोहर मैलालाइ उचित ठाउमा व्यवस्थापन गर्ने ।

स्थानीय संघ संस्थाको भूमिका :

- सरसफाइ र फोहर मैला व्यवस्थापन सम्बन्धि जनजागरण कार्यक्रम संचालन गर्ने ।
- सरसफाइ सम्बन्धि सडक नाटक कार्यक्रम संचालन गर्ने ।

वडा कार्यालयको भूमिका :

- वडा भित्रका फोहर मैला व्यवस्थापनको लागि अन्य सार्वजनिक निकायसंग समन्वय गरी व्यवस्थापन गर्ने ।
- समुदायलाई संगठित गर्ने
- फोहोरमैला व्यवस्थापनका लागि समूह गठन गर्ने

गाउँपालिका कार्यालयको भूमिका :

- गाउपालिका भित्रबाट निस्केको फोहर मैलालाई डम्पिडसाइट तोकी व्यवस्थापन गर्ने ।
- फोहोरमैला संकलनको विधि, संयन्त्रतोक्ने ।
- फोहर जन्य पदार्थको अन्य भौतिक रुपमा परिवर्तनको लागि पहल गर्ने ।
- स्वास्थ्य संस्था, विद्यालयहरुमा इनसिरेसन निर्माण गराउने ।
- नालाको नियमित सरसफाइ तथा नालाको पानीको उचित व्यवस्थापन गर्ने ।
- सरसफाइ सम्बन्धि क्रियाकलापहरुको जनजागरणमूलक कार्यक्रम संचालन गर्ने ।

ठोस निर्णयहरु

- २०८३ असारमसान्तभित्र फोहोरमैला व्यवस्थापन समिति गठन गरिने छ ।
- २०८३ असारमसान्तभित्र डम्पिडसाइडलाई व्यवस्थापन गरिने छ ।
- २०८३ फोहोर संकलनको विधि तोकिने छ ।
- २०८४ भित्र प्रत्येक घरमा खाल्डे मलको व्यवस्थापन गरिने छ । २०८४ वैशाख सम्ममा २५ सय घरधुरीको कम्पोष्ट मलको लागि खाल्डो बनिसकेको हुने छ ।

यस गाउँपालिकाले आधारभूत स्वास्थ्य नीति तथा महिला सशक्तिकरण गुरुयोजनामा फोहोरमैला व्यवस्थापनलाई पनि समेटेको छ। अहिले फोहोरमैला हुनुका कारण सरसफाका सरोकारवाला, सरोकारवालाको भूमिका र ठोस योजना प्रस्ताव गरेको छ। जो निम्नअनुसार छ।

१ फोहरमैला हुनुको कारण :

- घरबाट निस्केको फोहर जथाभावि फाल्नु।
- फोहरमैला बिसर्जन गर्ने ठाउँ नरहेको।
- घर र घरको वरिपरी सरसफाई नगर्न।
- फोहरमैला बिसर्जन गर्ने तरिका थाहा नभएको।
- घर र घरको वरिपरि रहेको पानी जम्ने ठाउँलाई त्यतिकै छाड्नु वा व्यवस्था नगर्नु।
- नालाको सरसफाईको व्यवस्था नगर्न।
- स्वास्थ्य संस्थाबाट निस्केका फोहर मैलाको उचित व्यवस्थापन नहुनु।
- नालाको पानीको उचित निकास नहुनु।
- विद्यालय, वडा कार्यालय, अन्य शाखाहरु संस्थाहरुबाट निस्केका फोहर मैला फाल्ने ठाउँको व्यवस्थापन नहुनु।

सरोकारवाला :

- घरपरिवारको सदस्य।
- समुदाय।
- स्थानीय संघ संस्था।
- वडा कार्यालय।
- गाउँपालिकाको कार्यालय।

भूमिका :

- घर परिवारको सदस्यको भूमिका।
- व्यक्तिगत सरसफाईका साथै घर र घरवरिपरि सरसफाई गर्ने।
- घरबाट निस्केका गल्ने फोहरलाई खाल्टो खनी कम्पोष्ट मल बनाउने।
- नगल्ने फोहरलाई तोकिएको ठाउँमा बिसर्जन गर्ने व्यवस्था मिलाउने।
- घरमा उपयोग गरेको सामान सफा गरी पुनः प्रयोगमा ल्याउने व्यवस्था गर्ने।
- घरबाट निस्केका फोहर पानी करेसाबारीमा प्रयोग गर्ने व्यवस्था मिलाउने।

समुदाय :

- २०८३ असारमसान्तभित्र वडास्तरिय फोहोरमैला व्यवस्थापन समूह निर्माण हुनेछन ।
- पुनः प्रयोग गर्न सक्ने फोहर संकलन गरी पुनः प्रयोग गर्ने व्यवस्था गर्ने ।
- २०८३ असारमसान्तभित्र दुई वटा सार्वजनिक शौचालय बनाइने छ । (एउटा पालिका नजिक र अर्को निर्माणाधिन बर्थिङ सेन्टर वेलहीमा)
- कुनै पनि उद्योग संचालन गर्नुपरेमा समुदायदेखि ३०० देखि ५०० मिटरभन्दा टाढा हुनुपर्ने छ । यो नीति कुखुरा फारमलाई पनि लागु हुने छ ।
- यस पालिकाभित्र संचालित इंटाभट्टाबाट कर लिने व्यवस्था गरिने छ । त्यसका लागि २०८३ असारमसान्तभित्र कार्यविधि बनाइने छ ।

२०) स्वास्थ्यको कर्मचारीहरुको स्तरवृदि,सरुवा,काज र कर्मचारी व्यवस्थापन सम्वन्धमा

- स्वास्थ्यमा उत्कृस्ट काम गर्ने कर्मचारीहरुलाइ ८ बर्ष सम्वन्धित(समान) तहमा काम गरिसकेपछि पछिल्लो २ (दुइ) आ.व.को का.स.मु.मा उत्कृस्ट अंक प्राप्त गरेका कर्मचारीहरुलाइ ८ बर्ष पुरा हुने मितिदेखि ज्येष्ठता कायम हुने गरि अख्तियारवालाले एक पटकका लागि एक तह स्तरवृदि गरिदिने छ । यसरी वृद्दि पद स्वत सृजना हुने छ र कुनै कारणले निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वत खारेज भइ जानेछ ।
- कार्यालयको आवश्यकता अनुसार जनशक्ति आवश्यक भएको अवस्थामा निजको दरबन्दी हुने कार्यालयमा कामकाजमा खटाउन सकिने छ।
- आवश्यक भएको खण्डमा कुनै स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाइ एउटा कार्यालयबाट अर्को कार्यालयमा समान दरबन्दीमा सरुवा गर्न सकिने छ।
- कर्मचारीको आन्तरिक व्यवस्थापन गर्दा कुनैपनि स्वास्थ्य संस्थाको प्रमुखको जिम्मेवारी सो संस्थाको दरबन्दी तेरिज अनुसार सबै भन्दा माथि रहेको तहमा समायोजन वा रिक्त दरबन्दीमा पदस्थापन भएको कर्मचारी हुनु पर्दछ ।

२१) महिला स्वास्थ्य स्वय सेविकाको आधुनिकीकरण

- महिला स्वास्थ्य स्वय सेविकाको कार्य क्षमता अझ प्रभावकारी बनाउन ६० बर्ष उमेर पुगेका सम्पूर्ण महिला स्वास्थ्य स्वय सेविकाहरुलाइ अनिवार्य अवकाश दिने।
- आफनो कार्य क्षेत्रमा लगातार २ बर्षसम्म अनुपस्थित रहेको महिला स्वास्थ्य स्वय सेविकालाइ अवकाश दिई नयाँ महिला स्वास्थ्य स्वय सेविका भर्ना गर्नु पर्दछ यस्तो महिला स्वास्थ्य स्वय सेविकाले पाउने अवकाश वापतको रकम पाउने छैन ।
- नयाँ महिला स्वास्थ्य स्वय सेविका छनौट गर्दा सम्बन्धित वडाको विवाहित महिला ,१८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको,न्युनतम शैक्षिक योग्यता कम्तीमा सि.(SEE) पास गरेको नेपाली नागरिक हुनुपर्दछ ।
- पालिकाबाट उत्कृस्ट काम गरेका महिला स्वास्थ्य स्वयं सेविकाहरु मध्ये प्रति बर्ष ३ जनालाइ पुरस्कारको व्यवस्था गर्न पर्दछ ।

- यो बाहेक सम्पूर्ण महिला स्वास्थ्य स्वय सेविका गठन प्रक्रिया नेपाल सरकारको नियमावली अनुसार हुनेछ ।

**प्रस्ताव नं. ७ आधारभुत स्वास्थ्य निति तथा महिला किशोरी सशक्तिकरण नीती तथा गुरु योजना सम्बन्मा**

निर्णय न ७ प्रस्ताव नं ७ माथि छलफल गर्दा यस रामनगर गाउँपालिका अन्तर्गत रामनगर गाउँपालिका आधारभुत स्वास्थ्य तथा महिला किशोरी शशक्तिकरण नीती तथा गुरु योजना २०८२ पारित गर्ने निर्णय गरियो ।